☎: ०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं.: २०७६/७७
च.नं.: ३३४८

मिति: २०७७/०१/१२

विषय: बाँझो जग्गामा खेती गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

यस नगरपालिका भित्र कृषि योग्य भूमी बाँझो राख्न नपाइने निर्णय नगरपालिकाबाट यस अघि नै भइसके बमोजिम नगरपालिका भित्र कसैले पनि जग्गा बाँझो राख्न पाइने छैन । नगरपालिका भित्र कतिपय स्थानमा खेती योग्य जग्गा बाँझो देखिन आएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र उपयुक्त बाली लगाउन आवश्यक व्यवस्था गर्नु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ । जग्गा धनीबाट सो बमोजिम नभएमा छिमेकीहरु/टोल विकास संस्था/कृषि फार्म/कृषक समूह/वडा स्तरीय कृषि समिति(संजाल)/सहकारी संस्थाबाट तपसिलका शर्तको अधिनमा रही खेती गर्न सम्बन्धित वडा संग समन्वय गरी नगरपालिकाबाट सहजीकरण गरिने व्यहोरा जानकारी गराइन्छ ।

<u>तपसिल</u>

- खाली जग्गाको अवस्थिति र अनुमानित क्षेत्रफलका बारेमा जग्गाका छिमेकी तथा स्थानीय बासिन्दा मार्फत टोल विकास संस्थाले सम्बन्धित वडामा जानकारी गराउनु पर्नेछ ।
- तोकिएको समयावधि भित्र सम्बन्धित जग्गा धनीले खेती गर्ने प्रकृया अगाडि नबढाएमा सम्बन्धित वडामा अभिलेख राखी जग्गाको साँध सिमाना र बनावटमा असर नपर्ने गरी खनजोत गरी मौसमी खेती गर्ने/गराउने गर्नु पर्ने छ ।
- यसरी खनजोत गरी उत्पादित कृषि उपजको पूर्ण स्वामित्व बाली लगाउनेको हुने छ ।
- जग्गा धनि स्वयंले नै जग्गा उपयोग गर्ने भएमा खेती गरिरहेको बाली धनीलाई कम्तिमा ४५ दिन पहिले सूचना दिनु पर्ने छ तर बाली लगाइरहेको अवस्थामा बाली भित्र्याएपछि मात्र जग्गा धनीले उपयोग गर्न पाउने छ ।
- नियमानुसार लाग्ने जग्गाको कर जग्गा धनीले नै तिर्नु पर्ने छ । जग्गा धनीले अवरोध गरेको कारणले भूमी बाँझो रहेमा तोकिए बमोजिम नगरपालिकाले जरिवाना लिनेछ ।

माधव प्रसा...
प्रमुख प्रशासकी...